आज मिति २०८२ साल चैत्र २४ गते विहान ११:०० वजे आईतवारका दिन यस ठाँटीकाँध गाउँपालिकाको ७० औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाहज्यू को अनुपस्थितमा गाउँपालिकाका उपाध्यक्ष एवम् कार्यवाहक अध्यक्ष श्री देवीराम वडुवालज्यूको अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

उपस्थिति

| क्र सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १४ | श्री रमेश वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| सहयोगी कर्मचारीहरु | | | | |
| १ | श्री नेम बहादुर खत्री | योजना अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री नेत्र बहादुर थापा | वरिष्ठ शिक्षा अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ३ | | | | |
| ४ | | | | |

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द्र, दैलेख

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८२/१२/२४ गतेको ७० औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

प्रस्ताव नं.१

ठाटीकाँध गापा १ स्थित नुवावन वर्थिङ सेन्टर भवन निर्माणका लागि जग्गा प्राप्ति सम्वन्धमा ।

प्रस्ताव नं २

गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि २०८२ स्वीकृत गर्ने सम्वन्धमा ।

प्रस्ताव नं ३

ठाटीकाँध खानेपानी तथा सरसफाई समितिले पेश गरेको खानेपानी मर्मत सुधारका लागि वजेट माग सम्वन्धी प्रस्ताव सम्वन्धमा ।

प्रस्ताव नं ४

प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ मा स्थानीय स्तरमा सुरक्षा व्यवस्थापनमा भएको खर्च भुक्तानी सम्वन्धमा।

प्रस्ताव नं ५

ठाटीकाँध गाउँपालिका वडा नं ३ को प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फको योजना संशोधन सम्वन्धमा ।

प्रस्ताव नं ६

ठाटीकाँध गाउँपालिकाको स्थानीय पाठ्यक्रम स्वीकृत गर्ने सम्वन्धमा ।

प्रस्ताव नं ७

गरिव परिवार परिचयपत्र वितरण गर्ने सम्वन्धमा ।

प्रस्ताव नं ८

आर्थिक सहयोग सम्वन्धमा।

प्रस्ताव नं ९

सरस्वती आ वि वजाय र शुक्र आ वि जौचौरमा विद्यार्थिका लागि खाजाघर निर्माणका लागि रकम विनियोजन सम्वन्धमा ।

प्रस्ताव नं १०

गैरागाउँ आधारभूत स्वास्थ्य केन्द्रको छत मर्मतका लागि रकम विनियोजन सम्वन्धमा ।

प्रस्ताव नं ११

शिक्षा युवा तथा खेलकूद शाखावाट प्रस्तावित आगामी शैक्षिक सत्रका लागि शिक्षा क्षेत्र व्यवस्थापन सम्वन्धमा ।

निर्णयहरु :

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा देहायको सार्वजनिक संस्थाको भवन निर्माणका लागि निःशुल्क रुपमा दान गर्न जग्गादाता ईच्छुक भएकाले निजले निःशुल्क प्रदान गर्न चाहेको जग्गा प्राप्तिका लागि प्रकृया अगाडि वढाउने र उक्त जग्गा यस पालिका स्थित निम्न सरकारी संस्थाका नाममा पारित गरिदिन श्री

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

जिल्ला प्रशासन कार्यालय दैलेख,श्री मालपोत कार्यालय दुल्लू दैलेख.श्री नापी कार्यालय दुल्लू दैलेख र सम्वन्धित अन्य सरकारी निकायहरुमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

तपसिल

क· ठाटीकाँध गाउँपालिका वडा नं १ नुवावन वर्थिङ सेन्टर भवन निर्माण

| क सं | जग्गादाताको नाम | जग्गाको ठेगाना | कित्ता नं | क्षेत्रफल | दान गर्न चाहेको जग्गाको क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | खम्वे थापा साविक तोलिजैसी गा वि स वडा नं ८ हाल ठाटीकाँध गा पा वडा नं ६, दैलेख | साविक लकान्द्र गा वि स वडा नं ९ दैलेख हाल ठाटीकाँध गाउँपालिका वडा नं १ | ६५१ | ३१९५ | ३ रोपनी |

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि, २०८२ उपर आवश्यक छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा ठाटीकाँध खानेपानी तथा सरसफाई समितिले गरेको अनुरोध अनुसार हेलिप्याड डाँडामा रहेको खानेपानी योजनाका FRC विस्थापन र पाईपलाईनको लेआउट परिवर्तन गर्न आवश्यक देखिएको, उक्त कार्यका लागि प्राविधिकले पेश गरेको लागत अनुमानका आधारमा रु- १ लाख ८० हजार लागत लाग्ने देखिन आएकोले लागत रकम चालु आ ब २०८२।०८३ को मर्मत संभार शीर्षकमा विनियोजित रकमवाट व्यहोर्ने र मर्मत सुधार कार्य सञ्चालन सोही खानेपानी समिति मार्फत गर्ने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ मा स्थानीय स्तरमा सुरक्षा व्यवस्थापनमा भएको देहाय अनुसारको खर्च चालु आ ब २०८२।०८३ को गाडीभाडा,घरभाडा र कार्यालय सामान सम्वन्धी खर्च शीर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

तपसिल

१) घरभाडा

क-पूर्ण प्रसाद उपाध्याय ठाटीकाँध वजार रु ११९००।००

ख- कपुरे थापा ठाटीकाँध वजार रु ५५००।००

ग- मनसिंह थापा ठाटीकाँध वजार रु १६६००।००

घ- पार्वती बुढा ठाटीकाँध वजार रु ११९००।००

२) गाडी भाडा

ठाटीकाँध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लकान्द्र, दैलेख

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

क-नवीन खत्री ठाटीकाध ६ दैलेख १४ दिनको रु १५४०००।००

ख-किशोर खत्री अल्फा स्टेशनरी दैलेख बजार ९ दिनको रु ९९०००।००

३) भाडाकुँडा खरिद/अन्य विद्युतीय उपकरण खरिद रु १३००००।००

जम्मा खर्च रकम रु ४ लाख २७ हजार ३०० मात्र ।

निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा मिति २०८२।०६।०१ को कार्यपालिका वैठकको निर्णय अनुसार ठाटीकाँध गाउँपालिका वडा नं ३ को प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ तल्लाछाना गोठीखोला वाहाकोट पैदल मार्ग निर्माण योजना छनोट भएकोमा वडा समितिको मिति २०८२।०९।११ को निर्णय अनुसार उक्त योजना देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| क सं | स्वीकृत योजनाको नाम | विनियोजित रु | संशोधन गरी कायम हुने योजनाको नाम | विनियोजित रु | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|---|
| १ | तल्लाछाना गोठीखोला वाहाकोट पैदल मार्ग निर्माण | दश लाख | वजाय कृष्ण आ वि ठाडो वाटो निर्माण | दश लाख | पहिलेको बाटोमा विवाद भई कार्यान्वयन हुन नसकेकाले र हाल निर्णय भएको बधुरो बाटो सम्पन्न गर्न बढी आवश्यक भएकाले । |

निर्णय नं ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा ठाटीकाँध गाउँपालिकाको स्थानीय पाठ्यक्रमको मस्यौदा कार्यपालिका वैठकमा पेश भयो र सो उपर आवश्यक छलफल गरी प्राप्त सुझाव समेत समेटी संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ७

प्रस्ताव नं ७ माथि छलफल गर्दा २०७९ सालमा लिईएको तथ्यांकका आधारमा यस गाउँपालिकाभित्रका १३३५ जनालाई गरिव परिवार परिचयपत्र वितरण गर्ने निर्णय गरियो ।साथै उक्त परिचयपत्र वितरणका लागि वडा कार्यालयसँग समन्वय गरी मिति तोक्ने र सोही अनुसार पालिकास्तरवाट परिचयपत्र वितरण टोली खटाई पठाउने निर्णय गरियो ।

निर्णय नं ८

प्रस्ताव नं ८ माथि छलफल गर्दा आर्थिक सहयोगको लागि निवेदन पेश हुन आएको हुंदा निजहरुलाई तपशिल वमोजिम रकम चालु आ व को आकस्मिक स्वास्थ्य सहयोग कार्यक्रम शिर्षक बाट भुक्तानीहुने गरी गाउँ कार्यपालिका लाई निर्देशन दिने निर्णय गरियो।

तपशिल

| सि नं | निवेदकको नाम | भएको समस्या | सहयोग रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | निर्देश शाही ठाटीकाध गा पा ४ | रक्तनलीको क्यान्सर | २०,०००।०० | निवेदक बाबु पदम बहादुर शाही |
| २ | रुप कामी ठाटीकाध गा पा २ | मुटु सम्बन्धी रोग | २००००।०० | स्वयम् |

ठाटीकाँध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दैलेख

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३ | देवेन्द्र कुमार रामजाली ठाटीकाध गापा २ | खुट्टा काटिन गएको | २००००।०० | स्वयम् |

निर्णय नं ९

प्रस्ताव नं ९ माथि छलफल गर्दा सरस्वती आ वि बजाय र शुक्र आ वि जौचौरमा विद्यार्थिका लागि खाजाघर निर्माण रु ५०/५० हजारको सीमामा रहि टहरा निर्माण गर्न विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवारी दिने र रकमको व्यवस्था आन्तरिक राजश्व असुल भएपछि अन्य लागत साझेदारी शीर्षकमा विनियोजित रकमवाट गर्ने निर्णय गरियो ।

निर्णय नं १०

प्रस्तावनं १० माथि छलफल गर्दा गैरागाउँ आधारभूत स्वास्थ्य केन्द्रको छत मर्मतका लागि प्राविधिकको लागत अनुमान अनुसार रु १ लाख ५० हजार मर्मत संभार कोषमा विनियोजित रकमवाट खर्च हुने कार्य प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं ११

प्रस्ताव नं ११ माथि छलफल गर्दा शिक्षा युवा तथा खेलकूद शाखावाट सघन दिद्यालय अनुगमन सहितको प्राप्त अनुगमन प्रतिवेदन र त्यसका आधारमा प्रस्तावित आगामी शैक्षिक सत्रका लागि विद्यालय समायोजन, तह मिलान र दरवन्दी मिलानका साथै समग्रमा शिक्षा क्षेत्र व्यवस्थापन सम्वन्धमा व्यापक छलफल गरियो । शाखावाट प्राप्त प्रस्तावका आधारमा नै देहाय अनुसार गर्ने गरी शैक्षिक सत्र २०८३ शुरु हुनु अगावै कार्यान्यन प्रकृया अगाडि वढाउन शिक्षा युवा तथा खेलकूद शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

तपसिल

१-अनुगमन समितिको सिफारिसका आधारमा भौगोलिक विकटता समेतलाई विचार गरी शिक्षक विद्यार्थि अनुपातलाई मध्येनजर गरी विद्यालय समायोजन,तह मिलान र दरवन्दी मिलान गर्ने।

२-आर्थिक श्रोतको अभावका कारण संघीय अनुदान प्राप्त वालविकास वाहेक अन्य वालविकास केन्द्रलाई आगामी शैक्षिक सत्रमा निरन्तरता दिने नदिने सम्वन्धमा पुनर्विचार गर्ने।

३-सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न अनुगमनलाई थप प्रभावकारी वनाउने ।

४-स्थानीय पाठ्यक्रम प्रकाशन गरी सो अनुसार पठनपालनको व्यवस्था मिलाउने ।

५-उपरोक्त विषयका सम्वन्धमा थप छलफल गरी अन्तिम निर्णय लिन मिति २०८३।०१।०४ गते कार्यपालिकाको वैठक वस्ने र माध्यामिक विद्यालयका प्रधानाध्यापकहरुलाई समेतलाई उक्त वैठकमा आमन्त्रण गर्ने ।

ठाटीकाँध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लकान्द्र, दैलेख

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत